# सैनामैना नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ६) सैनामैना, फाल्गुन १४ गते, २०७९ साल (संख्या ९)

भाग २

## सैनामैना नगरपालिकाको राजश्व अनुगमन सम्वन्धी कार्यविधि' २०७९

प्रस्तावना:

सैनामैना नगरपालिकाको आन्तरिक स्रोतलाई वृद्धि गर्न नगर क्षेत्रभित्र रहेका पेशा, व्यवसायी, उधोगी र व्यापारीहरुलाई करको दायरामा ल्याउन एवं नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट र माटोको उत्खनन् गरि ओसारपासर कार्यलाई व्यवस्थित रुपमा नियन्त्रण र अनुगमन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

१) यस कार्यविधिको नाम: "सैनामैना नगरपालिकाको राजश्व अनुगमन सम्वन्धी कार्यविधि, २०७९" रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि बमोजिमः

क) “कार्यविधि” भन्नाले सैनामैना नगरपालिकाको राजश्व अनुगमन सम्वन्धी कार्यविधि, २०७९ लाई सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) “कार्यपालिका” भन्नाले सैनामैना नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) “अनुगमन” भन्नाले सैनामैना नगरपालिकाको वित्तीय अधिकार क्षेत्रभित्र पर्ने र नगर क्षेत्रभित्र संचालनमा रहेका पसल, होटेल, रेष्टुरेण्ट, मेडिकल, ग्रिल, फर्निचर, स्टेशनरी, उधोग र सोही प्रकृतिका अन्य पेशा व्यवसायहरु दर्ता गरि वा नगरि संचालन गरेका समयमा नविकरण गरेका वा नगरेका, आफनो स्वामित्वमा रहेको घरजग्गामा व्यवसाय संचालन गरेको वा अर्काको घरजग्गामा भाडामा लिई संचालन गरेको भए घरधनीले घरजग्गा बहालकर तिरेको वा नतिरेको भए करको दायरामा ल्याउन तथा नदीजन्य पदार्थ ढुङगा गिट्टी बालुवा मिसकट र माटोजन्य पदार्थ उत्खनन् एवं ओसारपसारको अवैधरुपमा चोरीनिकासीको नियन्त्रण, नियमन र बिक्री वितरणको समुचित व्यवस्थापन गर्ने कार्यमा समय/समयमा खटिने तोकिएका समितिका पदाधिकारी र कर्मचारीलाई सम्झनु पर्दछ ।

ङ) “अनुगमन समिति” भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरस्तरीय राजश्व अनुगमन समिति सम्झनु पर्दछ । सो शव्दले दफा ३ को उपदफा (२) बमोजिम गठित वडास्तरीय राजश्व अनुगमन समिति समेत सम्झनु पर्दछ।

३. नगरस्तरीय राजश्व अनुगमन समितिः

१) नगर क्षेत्रभित्र संचालनमा रहेका विभिन्न प्रकारका पेशा व्यवसायी उधोगी र व्यापारी तथा नदीजन्य पदार्थ ढुङगा गिट्टी बालुवा मिसकट र माटोजन्य पदार्थको नियमन नियन्त्रण र अनुगमन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहायका सदस्यहरु रहेको राजश्व अनुगमन समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख) नगर प्रमुखले तोकेको उधोग वाणिज्य व्यापार संघको एक जना प्रतिनिधि — सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

३) पूर्वाधार शाखा प्रमुख/ राजश्व कम्प्युटर/अधिकृत सदस्य (विषयको प्रकृति हेरि कुनै १ जना)

ङ) राजश्व शाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको गठित समितिले अनुगमन गर्दा नगर प्रमुखलाई आमन्त्रण गर्नेछ ।

(२) वडास्तरीय राजश्व अनुगमन समितिः

आ आफनो वडा क्षेत्रभित्र रहेका विभिन्न प्रकारका पेशा व्यवसायी उधोगी र व्यापारीहरुको व्यवसायको दर्ता नविकरण लगत संकलन र कर तिरेको वा नतिरेको घरजग्गा बहालकरको अभिलेख लगायत नदीजन्य पदार्थ ढुङगा, गिट्टी, बालुवा, मिसकट र माटोजन्य पदार्थको उत्खनन् एवं ओसारपसारको अवैधरुपमा

चोरी निकासीको नियन्त्रण गर्न वडा अध्यक्षको संयोजकत्वमा देहाय सदस्यहरु रहने गरि वडास्तरीय राजश्व अनुगमन समिति रहनेछ ।

क) वडा अध्यक्ष संयोजक

(ख) वडा अध्यक्षले तोकेको वडा समितिको सदस्य

एक जना सदस्य

(ग) वडा सचिव सदस्य सचिव

४. अनुगमनको अवधि:

(१) नगरस्तरको राजश्व अनुगमन महिनामा कम्तिमा ३ पटक गर्नु पर्नेछ ।

(२) वडास्तरको राजश्व अनुगमनमा व्यापार व्यवसायको विद्यमान अवस्था र आर्थिक क्रियाकलापलाई मध्ये नजर गरी वडा नं. १, ३, ४, ६, ८, १० र ११ लाई महिनामा २ पटक र वडा नं. २, ५, ७ र ९ लाई महिनामा १ पटक अनिवार्य अनुगमन गर्नु पर्नेछ ।

५. राजश्व अनुगमन समितिको काम, कर्तव्य र अधिकार:

(क) नगर क्षेत्रभित्र रहेका पेशा र व्यवसायीहरुको नियमित अनुगमन गर्ने

(ख) करको दायरा भन्दा वाहिर रहेकालाई करको दायरामा ल्याउने

(ग) करदाताहरुको पहिचान गर्ने

(घ) तोकिएको प्रतिवेदन पेश गर्ने

(ङ) वडास्तरले आफनो क्षेत्रभित्र राजश्व अनुगमन गर्दा दर्ता, नविकरण र लगत संकलन गर्ने र तोकिएको प्रतिवेदन पेश गर्ने

(च) सेवा प्रवाह गर्नु पूर्व कर तथा दस्तुर असुलउपर गरी सेवा उपलव्ध गर्नु पर्नेछ ।

(छ) व्यापार र व्यवसायको लगत कट्टा गर्दा नगरपालिकाको राजश्व शाखामा अनिवार्य संपर्क गरी लगत कट्टाको सिफारिस गर्ने

६. तथ्याङ्क अभिलेखिकरण:

(१) वडास्तरको राजश्व अनुगमनमा जाँदा १ पटकमा कम्तिमा ३० वटा व्यवसायको तथ्याङ्क विवरण ल्याउनु पर्नेछ ।

(२) तथ्याङ्क ल्याउँदा व्यवसायीको दर्ता विवरण र बहालकर तिर्ने दायित्व व्यक्तिको विवरण तोकिएको ढाँचामा अनिवार्य ल्याउनु पर्नेछ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

७. समितिले पाउने सेवा सुविधा:

(१) नगरस्तर/वडास्तरको राजश्व अनुगमनमा खटिएका पदाधिकारी एवं कर्मचारीहरुले नगर सभाबाट खर्चको मापदण्ड स्वीकृत नर्म्स अनुसारको अनुगमन भत्ता र खाजा खर्च पाउनेछन ।

८. समितिको प्रतिवेदन र समय अवधि:

(१) नगरस्तरको प्रतिवेदन त्रैमासिक रुपमा कार्यपालिकाको बैठकमा अनिवार्य पेश गर्नु  पर्नेछ ।

(२) वडास्तरको प्रतिवेदन त्रैमासिक रुपमा नगरस्तरको राजश्व अनुगमन समिति मार्फत कार्यपालिकाको बैठकमा अनिवार्य पेश गर्नु पर्नेछ ।

९. बाधा अड्काउ फुकाउको अधिकार:

(१)यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुसूची–१

दफा ३ को उपदफा सँग सम्वन्धित (१)

सैनामैना नगरपालिका

लुम्विनी प्रदेश

नगरस्तरीय राजश्व अनुगमन समितिको प्रतिवेदन

अनुगमन मितिः

समयः

ठेगानाः वडा नं............. ठाउँ .......

नगरस्तरीय राजश्व अनुगमन समितिका पदाधिकारीहरु

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अनुगमनमा देखिएका विषयहरु

| क्र.सं. | विषय | गरेको | नगरेको | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायहरु दर्ता गरि संचालन गरिरहेको विद्यमान अवस्था | | | |
| २ | व्यवसायहरु समय समयमा नविकरणको अवस्था | | | |
| ३ | व्यवसाय आफनो घरमा संचालन गरेको वा अरुको घर वा जग्गा मा गरेको भए घरधनीले बहालकर तिरेको वा नतिरेको | | | |
| ४ | एउटै पान नम्वरबाट धेरै | | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रकृतिका व्यवसाय गरिरहेकाले सोही प्रकारका कर तिरेको वा नतिरेको | | | |

निष्कर्ष:

अनुसूची–१ क

दफा ३ को उपदफा सम्वन्धित सँग (१)

सैनामैना नगरपालिका

लुम्विनी प्रदेश

नगरस्तरीय राजश्व अनुगमन समितिको प्रतिवेदन

अनुगमन मितिः

समयः

नदीको नामः

स्थानः वडा नं.............. घाट वा ठाउँको नाम .......

नगरस्तरीय राजश्व अनुगमन समितिका पदाधिकारीहरु

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अनुगमनमा देखिएका विषयहरु

| क्र.सं. | विषय | गरेको | नगरेको | कैफियत |
|---|---|---|---|---|
| १ | तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ निकासी गरिएको हो वा होइन | | | |
| २ | नदीजन्य पदार्थ निकाल्ने ठाउँ रेखाङ्कन गरिएको हो वा होइन | | | |
| ३ | नदीजन्य पदार्थ निकाल्दा तोकिएको लम्वाई, चौडाई र गहिराई भन्दा तल गएको वा नगएको | | | |
| ४ | वातावरणलाई असर पुरयाउने | | | |

| | | | | |
|---|---|---|---|---|
| | खालको गतिविधि गरेको वा नगरेको | | | |
| ५ | उत्खननका लागि निस्तेज गरिएका उपकरणहरु प्रयोग गरिएको वा नगरिएको | | | |

निष्कर्ष:

अनुसूची–२

दफा ३ को उपदफा सँग सम्वन्धित (२)

सैनामैना नगरपालिका

लुम्विनी प्रदेश

<u>वडास्तरीय राजश्व अनुगमन समितिको प्रतिवेदन</u>

अनुगमन मितिः

समयः

ठेगानाः वडा नं............. ठाउँ .......

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

तथ्याङ्क विवरणः

| क्र.सं. | व्यवसायको नाम | व्यवसायको प्रकार | व्यवसायीको नाम थर | संचालन मिति | करतिरेको मिति | व्यवसायीको मो.नं. | बहाल दिनेको नाम थर | बहाल लगाएको सटर/कोठा संख्या | बहाल तिरेको मिति | बहालदाताको मो.नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

निष्कर्षः

अनुसूची–२ क

दफा ३ को उपदफा सँग सम्वन्धित (२)

सैनामैना नगरपालिका

लुम्विनी प्रदेश

<u>वडास्तरीय राजश्व अनुगमन समितिको प्रतिवेदन</u>

अनुगमन मितिः

समयः

नदीको नामः

स्थानः वडा नं............. घाट वा ठाउँको नाम .......

वडास्तरीय राजश्व अनुगमन समितिका पदाधिकारीहरु

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अनुगमनमा देखिएका विषयहरु

| क्र.सं. | विषय | गाडी नम्वर | उत्खनन् गरेको परिमाण ट्रलीटिप्पर / संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

निष्कर्षः

प्रमाणिकरण मितिः २०७९/११/१४

**आज्ञाले**

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत